२०७३

## प्रस्तावहरु

१- स्थानिय तहको राजपत्र प्रकाशित गर्ने सम्बन्धमा ।
२- नेपाली सेनाको नाममा जग्गा हस्तान्तरण गर्नको लागी सहमति प्रदान गर्ने सम्बन्धमा ।
३- महेन्द्र मा.वि. ब.कु.न.पा. ११ आपचौर छाना मर्मत सम्बन्धमा
४- कार्यविधि, निर्देशिका र कार्यप्रणाली स्वीकृती सम्बन्धमा
५- बाढी पिडितहरुलाई राहात वितरण सम्बन्धमा ।
६- भैरवसागर खारागैर सडक मर्मत योजनाको भुक्तानी रकम अनुमोदन सम्बन्धमा ।
७- नगर सभा सचालन सम्बन्धमा ।
८- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई यातायात/खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा ।
९- उपभोक्ता हकहित र सचेतना कार्यक्रम सम्बन्धमा ।
१०- मिडिया मैत्री नगरपालिका अन्तरक्रिया कार्यक्रम सम्बन्धमा
११- नगरपालिका डकुमेन्ट्रि निर्माण सम्बन्धमा ।
१२- बनगाड कथारपलाई आर्थिक सहयोग सम्बन्धमा ।

## निर्णयहरु

१- प्रस्ताव नं १ माथि छलफल गर्दा स्थानिय तह संचालन कार्यमा सहजता ल्याउन स्थानिय तहको राजपत्र प्रकाशन -का लागि ऐन नियम, कार्यविधि, निर्देशिका र कार्यप्रणाली प्रकाशन गर्ने निर्णय गरियो ।

२- प्रस्ताव नं २ माथि छलफल गर्दा बनगाड कुपिण्डे नगरपालिका वडा नं १ साविक धागरीपिपल गा.वि.स. वडा नं ८ र ९ मा पर्ने नेपाली सेनाले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा (भोग चलन) प्रयोग गर्दै आएको करिब १३० रोपनी ६ आना क्षेत्रफल भएको कि.नं. १६६ को जग्गा नेपाली सेनाको नाममा हस्तान्तरण गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

३- प्रस्ताव नं ३ माथि छलफल गर्दा गत मंसिर महिनामा हावा हुरीको कारणले ब.कु.न.पा. ११ नं मा रहेको महेन्द्र मा.वि. को छाना उडाएकोले प्राविधिक लागत इस्टिमेट बमोजिम कार्यालयको प्राविधिक आधारमा उक्त मर्मत कार्य गर्ने निर्णय गरियो ।

४- प्रस्ताव नं ४ मा छलफल गर्दा बनगाड (पालिका